# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं. २८०२

मिति२०८ :१/०३/१८

श्री प्रेमा वाङ्ग्याल लामा
२ नंवडा अध्यक्ष ., सिद्धलेक गाउँपालिका

**विषय : छानबिन गरी प्रतिवेदन पेश गर्ने।**

यस सिद्धलेक गाउँपालिका अन्तर्गत पर्ने त्रिशुली नदी किनारबाट वातावरणीय प्रभाव अध्ययनको मापदण्ड भित्र रही यस गाउपालिकाको नियम अनुसार ढुंगा, गिट्टी, बालुवा,दहत्तर, बहत्तर आदिको उत्खनन तथा संकलन तथा बिक्रि वितरणको लागि आको लागि सियोन .व. कन्स्ट्रक्सन, सिन्धुपाल्चोकले ठेक्का पाई काम गर्दै गरेकोमा केही समय यता त्यस्तो ढुंगा, गिट्टी, बालुवा,दहत्तर, बहत्तर आदिको उत्खनन तथा संकलनमा अनियमितता भयो भन्ने विषयमा पालिकामा मौखिक गुनासो प्राप्त भएको र त्यस विषयमा आवश्यक छानबिन गरी सत्य तथ्य बुझ्ने उद्देश्यले यस पालिकाले सोको ठेक्का प्राप्त उक्त सियोन कन्स्ट्रक्सन, सिन्धुपाल्चोकले उक्त प्रयोजनका लागि हाल प्रयोग गर्दै आएका सबै बिल तथा रसिद प्याद लिई सात दिनभित्र यस कार्यालयमा उपस्थित हुन पत्र पनि पठाएको देखिन्छ |

उक्त ठेकेदारले ढुंगा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर आदिको उत्खनन, संकलन बिक्रीमा प्रयोग गरेका बिल भरपाई, रसिद लगायतका कागज पत्र तथा उल्लेखित समस्याको स्थलगत अध्ययन एवं वस्तुगत र तथ्यगत छानबिन गरी समस्याको पहिचान, समस्या उत्पन्न हुनुको कारण, योसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्था, गाउपालिका तथा ठेकेदारको तर्फबाट भएका कमजोरीहरुको उल्लेख गरी आगामीदिनमा उक्त समस्या दोहोरिन नदिने उद्देश्यले तपाई यस पालिकाका उपाध्यक्ष तथा राजस्व परामर्श समितिका सभापतिका हैसियतले उक्त विषयको स्थलगत अध्ययन तथा छानबिन गरी १५ दिनभित्र पालिकामा प्रतिवेदन पेश गर्न मिति २०८१ आषाढ १८ गतेको यस पालिकाको निर्णयानुसार यस पालिकाका उपाध्यक्ष श्री सविता अर्यालको संयोजकत्वमा तपाई र वडा नं ७ का अध्यक्ष समेत सदस्य रहने गरी तीन सदस्यीय छानबिन समिति गठन गरिएको छ |

उक्त समितिले उल्लिखित विषयमा ठेकेदारले ढुंगा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर आदिको उत्खनन, संकलन बिक्रीमा प्रयोग गरेका बिल भरपाई, रसिद लगायतका कागज पत्र तथा उल्लेखित समस्याको स्थलगत अध्ययन एवं वस्तुगत र तथ्यगत छानबिन गरी समस्याको पहिचान, समस्या उत्पन्न हुनुको कारण, योसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्था, गाउपालिका तथा ठेकेदारको तर्फबाट भएका कमजोरीहरुको उल्लेख गरी आगामी दिनमा त्यस्ता समस्या दोहोरिन नदिनका लागि यस पालिका तथा ठेकेदारका तर्फबाट सुधार गर्नुपर्ने कानूनी, व्यवस्थापकीय तथा प्रक्रियागत विषयमा स्पष्ट सुझाव उल्लेख गरी यो पत्र प्राप्त गर्नुभएको मितिले १५ दिनभित्र प्रतिवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ |

परशुराम खतिवडा
अध्यक्ष
परशुराम खतिवडा
अध्यक्ष

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner